# वन, वातावरण तथा भू संरक्षण मन्त्रालय

## गण्डकी प्रदेश, पोखरा

मिति : २०७८।०६।२०

वातावरण संरक्षण ऐन २०७६ को दफा ७ को उपदफा २ को प्रयोजनका लागि वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४८ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिने प्रयोजनका लागि विज्ञहरुको सूची (Roster) तयार गर्न आवश्यक रहेकाले वन, वातवारण तथा भू संरक्षण मन्त्रालय, गण्डकी प्रदेश (सचिवस्तर ) को मिति २०७८।०६।२० को निर्णयानुसार तपसिलमा उल्लेखित विषयविज्ञ बाट विज्ञताको विवरण सहित दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

क. वातावरण संक्षण ऐन, २०७६ को दफा ७ (२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने सुझाव समितिमा विषय विज्ञको रुपमा काम गर्न ईच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र रितपूर्वक निम्न ठेगानामा देहायको विवरण सहित दर्खास्त पेश गर्नुहुन अनुरोध गरिन्छ ।

१. आवश्यक कागजातहरु :

- वैयक्तिक विवरण
- शैक्षिक योग्यता सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि
- कार्य अनुभव सम्बन्धि प्रमाण पत्र
- वातवारणीय अध्ययन सम्बन्धि तालिम लिएको भए सो सम्बन्धि कागजातको प्रतिलिपि

२. शैक्षिक योग्यता :

नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायका विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको :

क. Civil/Chemical/Mechanical/Electrical/Architect/Hydropower/Agriculture/Geological/Geophysical/Mining/Industrial/Metallurgical/ Bio molecular/Materials/Process/Corrosion/structural/Water resource/Environmental/computer/Manufacturing/Energy/Biomedical/Nano/Petroleum/Software/Tunnel/Geotechnical/Earthquake/Urban Planning Engineering and Similar or Equivalence.

ख. Health/Public Health/Hospital Management/Biomedical science

ग. General Forestry/Wildlife management/Watershed Management/Natural resource Management/Zoological science /Botany

घ. Social Science, Humanities, Urban development, Archaeology, Sustainable Development, Project Management

ङ. Waste management

च. Agriculture

छ. Environmental Science/ Environmental Law/Environmental management

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

३. कार्य अनुभव

देहाय बमोजिमको कार्य अनुभव भएको :

क. नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा कम्तिमा रा प तृतिय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरणीय अध्ययन प्रतिवेदन स्विकृति प्रक्रियामा संलग्न भई कार्य गरेको वा

ख. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तिमा ५ वर्ष वा सो भन्दा बढी कार्य अनुभव भएको वा

ग. प्रकरण २ मा उल्लेखित विषयमा ५ वर्ष भन्दा वढी अध्यापन तथा अनुसंधान गरेको वा कार्य अनुभव भएको वा

घ. वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा विज्ञको रुपमा रही काम गरेको ।

४. दरखास्त बुझाउने ठेगाना :

वन, वातावरण तथा भू संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा

फोन नं. ०६१-५९०३०४

Email : moitfe4@gmail.com

दरखास्त मन्त्रालयमा स्वयं उपस्थित भई अथवा मन्त्रालयको ईमेल मार्फत पेश गर्न सकिनेछ ।

घनेन्द्र ब. खनाल
उपसचिव

कपिल दुङ्गाना
अ सातौं
मो. नं ९८४६१०७३२०
Email : kapildhungana3@gmail.com